बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

भरतपुर, चितवन

पत्र सङ्ख्या:०८०/८१
चलानी नम्बर: ८६

मिति २०८०/०५/१९

विषयः सूचना टाँस गरिदिने बारे।

श्री भरतपुर महानगरपालिका,
श्री रत्ननगर नगरपालिका,
श्री माडी नगरपालिका,
श्री खैरहनी नगरपालिका,
श्री राप्ती नगरपालिका,
श्री कालिका नगरपालिका,
श्री इच्छाकामना गाउँपालिका,
चितवन

उपरोक्त सम्बन्धमा, यस कृषि ज्ञान केन्द्र, चितवनबाट आ.व. २०८०/८१ मा संचालन हुने तपशिल बमोजिमका यसै पत्रसाथ संलग्न सूचनाहरु तँहा पालिकाको सूचनापाटीमा टाँस गरी सूचना प्रवाहमा सहजिकरण गरी दिनुहुन अनुरोध छ।

तपशिल

१. तेलहन बाली प्रवर्द्धन कार्यक्रम
२. मकवानपुर जिल्लाको वागमती गा.पा. मा मकै ब्लक विकास कार्यक्रम संचालन
३. आपूर्तिकर्ता सूचीकरणको सूचना

२०८०/०५/१९

झलकनाथ कँडेल
प्रमुख (अधिकृत स्तर नवौं)

झलकनाथ कँडेल
प्रमुख
अधिकृतस्तर (नवौं)

फोन नं. ०५६-५२०११५
ईमेल: akcchitwan@gmail.com , वेबसाईट: akcchitwan.bagamati.gov.np

Scanned with CamScanner

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, चितवन

भरतपुर, चितवन

## कृषि विकास कार्यक्रमहरुमा सहभागी हुन प्रस्ताव आव्हानको सूचना

सुचना नं: २-२०८०/८१

प्रथम पटक प्रकाशित मिति २०८०/०५/१९

कृषि ज्ञान केन्द्र, चितवनको आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार साझेदारीमा तपशिलको कार्यक्रम संचालन गरिने हुँदा चितवन र मकवानपुर जिल्लाका सूचनामा उल्लेख भए बमोजिमका आवेदकहरुले सूचना प्रकाशित भएको ३० औ दिन (मिति २०८०/०६/१७) सम्ममा कार्यालय समय भित्र आईपुग्ने गरी देहाय बमोजिमका कागजात सहित सम्बन्धित कार्यविधि बमोजिम निवेदन दर्ता गराउनुहुन आव्हान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समाबेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ। इमेल akcchitwan@gmail.com मार्फत समेत प्रस्ताव पेश गर्न सकिने छ।

| क्र.स. | कार्यक्रमको नाम | एकाई | लक्ष्य | कार्यक्रमको कूल बजेट रु लाखमा | साझेदार संस्था आवेदक | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | तेलहन वाली प्रवर्द्धन कार्यक्रम | हेक्टर | ५० | ५० | कृषक समूह/कृषि सहकारी | कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधी २०७९ |
| २ | मकवानपुर जिल्लाको बागमती गा.पा.मा मकै ब्लक विकास कार्यक्रम संचालन | पटक | १ | १९ | कृषक समूह/कृषि सहकारी/जल/वन उपभोक्ता समिति/कृषि फार्म | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल, २०७७ |

तपशिल

१. रु १० को हुलाक टिकट टाँस गरेको निवेदन,
२. संस्थाको हकमा संस्था दर्ता तथा नविकरण गरेको प्रमाणपत्र र कार्यक्रममा सहभागी हुने सदस्यहरुको नागरिकताको प्रतिलिपि, संस्थाको निर्णयको प्रतिलिपी
३. संस्थाको स्थायी लेखा नम्बर (PAN) दर्ता/ नविकरण प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
४. प्रस्ताव अनुसारको लागत अनुमान,
५. स्थानिय तहको सिफारिस,
६. आवेदकको आफ्नै स्वामित्व वा कम्तिमा ५ वर्षको लागि जमिन भाडामा लिएको प्रमाण।

नोटः कार्यक्रम सम्वन्धि थप जानकारीको लागि यस केन्द्रको फोन नं ०५६४९३११५ वा ९८५५०९२२५५ मा सम्पर्क गर्न सकिनेछ।

२०८०/०५/१९
अलकनाथ कंडेल
प्रमुख
अधिकृतस्तर (दशौं)

फोन नं ०५६ ४९३११५
Email: akcchitwan@gmail.com

Scanned with CamScanner

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

भरतपुर, चितवन

## आपुर्तिकर्ताको सुचिकरणको सूचना !

सुचना नं.: ३-२०८०/८१
प्रथम पटक प्रकाशित मितिः२०८०/०५/१९

कृषि ज्ञान केन्द्र, चितवनको स्वीकृत वार्षिक कार्यक्रम अनुसार "प्राङ्गारीक मल वितरण कार्यविधि (प्रथम संशोधन),२०७९" अनुसार प्राङ्गारीक मल बिकि गर्ने उत्पादक तथा वितरकहरुले यो सूचना प्रकाशित भएको एक्काईस दिनभित्र (२०८०/०६/०८) कार्यलयमा समय भित्र यस कृषि ज्ञान केन्द्रमा देहाय बमोजिमका कागजात सहित प्रस्ताव दर्ता गर्नुहुन आव्हान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघि प्रप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

प्रस्ताव साथ संलगन गर्नुपर्ने कागजातहरु

१. संस्था दर्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि,
२. संस्था नविकरणको प्रमाणको प्रमाणित प्रतिलिपि वा कम्पनी भएमा कम्पनि रजिष्ट्रारको कार्यालयबाट गरिने कम्पनि अद्यावधिकं भएको पत्रको प्रमाणित प्रतिलिपि अनिवार्य पेश गर्नु पर्ने,
३. सस्थाको PAN वा VAT प्रमाण पत्रको प्रमाणित प्रतिलिपि
४. पछिल्लो आ. व. को लेखा परिक्षणको प्रमाणित प्रतिलिपि
५. पछिल्लो आ. व. को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि
६. प्रस्ताव साथ चालु आ.व.मा आपुर्ति गर्न सक्ने मलको परिमाण
७. सम्बन्धित निकायमा सूचीकृत गरिएको प्रमाणपत्रको प्रतिलिपि,
८. सरकारी निकायबाट मान्यता प्रास प्रयोगशालाबाट अनुसूची-३ मा उल्लेखित प्रङ्गारीक मलको मापदण्ड तथा गुणस्तरको प्रमाणपत्र ( एक महिना भित्रको)
९. प्रङ्गारिक मलको नमुना,
१०. आपुर्तिकर्ताले आफुले उत्पादन गर्ने मलको ब्राण्ड नाम, प्रति के.जी. मूल्य, कम्पनीको शाखा/बिक्री कार्यालयहरु र उपलब्ध गराउन सक्ने मलको परिमाण,
११. मलको उत्पादन मिति र प्रयोग गरिसक्नु पर्ने मिति, ब्याच नम्बर,तौल तथा मलमा पाईने पोषण तत्वको मात्रा प्रत्यक प्याकेजिङ्गमा प्रष्ट रुपमा देखिने गरी उल्लेख भएको हुनु पर्नेछ ।

नोटः कार्यक्रम सम्बन्धि थप जानकारीको लागि यस केन्द्रको फोन नं ०५६४९३११५ वा ९८५५०९२२५५ मा सम्पर्क गर्न सकिनेछ । साथै कार्यक्रम सम्बन्धी अन्य जानकारीको लागि "प्राङ्गारीक मल वितरण कार्यविधि (प्रथम संशोधन),२०७९" कृषि तथा पशुपन्छी विकास मन्त्रालयको वेवसाइट molmac.bagamati.gov.np वा कृषि विकास निर्देशनालयको वेबसाइट doad.bagamati.gov.np बाट डाउनलोड गरी हेर्न सकिनेछ ।

२०८०/०५/१९
...लकनाथ कंडेल
प्रमुख
अधिकृतस्तर (दशौं)

Scanned with CamScanner